पालुङ बहुउद्देश्यीय सहकारीका नवनिर्वाचित अध्यक्ष विष्टले शपथ लिए । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१६, अंक-२५ ● २०८० पौष १६ गते सोमबार, ● 01 Jan., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ जेसीज वर्ष २०२४ को अध्यक्ष पदमा रायमाझी विजयी

◆ विकास संवाददाता

पालुङ जेसीज वर्ष २०२४ को अध्यक्ष पदमा निरज रायमाझी निर्वाचित भएका छन् । १४ पुसमा पालुङ जेसीज सभाहलमा भएको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी माधव कार्कीलाई ४२ मतले पराजित गर्दै रायमाझी अध्यक्षमा निर्वाचित भएका हुन् ।

मत परिणाम अनुसार रायमाझीले ६५ र कार्कीले २३ मत पाएका छिन् । कुल ७२ मत खसेकोमा ४ मत भने बदर भएको निर्वाचन आयुक्त जयराम खत्रीले जानकारी दिए रू पालुङ शाखामा कुल मतदाता १ सय ७ रहेका थिए । नवनिर्वाचित अध्यक्ष रायमाझी सन् २०१७ मा पालुङ जेसीजको सदस्य भई सञ्चार संयोजकको जिम्मेवारी सम्हालेकोमा २०१८ र २०१९ मा साधारण सदस्य, २०२० मा उपाध्यक्ष, २०२१ मा कोषाध्यक्ष, २०२२ मा महासचिवको जिम्मेवारी सम्हाली सकेका छन् । उनी वर्ष २०२३ मा कार्यसमितिको कानुनी सल्लाहकारको जिम्मेवारीमा रहेका थिए । जेसीज अभियान अन्तरगतको ५ वटा राष्ट्रिय महाधिवेशन, ५ वटा क्षेत्रिय सम्मेलन सहित जेसीजका विभिन्न तालिम पुरा गरेका रायमाझीले पालुङ जेसीज बर्ष २०२४ लाई ईतिहासकै पानामा स्वर्ण अक्षरले




अंकित गराउन उत्कृष्ट वर्ष बनाउने बनाउने प्रतिवद्धता जनाएका छन् ।

त्यस्तै पालुङ जेसिजको कार्यकारिणी उपाध्यक्षमा नारायण तामाङ र मान सिं दोङको निर्वाचित भएका छन् भने उपाध्यक्ष पदमा स्मिता बिष्ट, बिराज थापा, नारायण कार्की र बिस्मिता गोपाली निर्वाचित भएको निर्वाचन आयुक्त खत्रीले जानकारी दिए । नवनिर्वाचित अध्यक्ष तथा पदाअधिकारीहरूलाई पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकालसहित पूर्व अध्यक्ष तथा सदस्यहरूले बधाई दिएका छन् ।

## निर्वाचन अधिकृतको कार्यालय स्थापना

राष्ट्रियसभा सदस्य निर्वाचन-२०८० का लागि वाग्मती प्रदेशको राजधानी हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

सोमबार हेटौंडा- ५ स्थित प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनमा वाग्मती प्रदेशबाट ४ जना राष्ट्रियसभा सदस्य निर्वाचित हुनेछन् ।

प्रमुख निर्वाचन अधिकृत महेन्द्रबहादुर कार्कीका अनुसार बागमती प्रदेशमा ३ सय ४७ जना मतदाता रहेका छन् ।

# जनकल्याणलाई राष्ट्रपति रनिङ शिल्डको उपाधि

### मत्स्यनारायणलाई मेयर कप छात्र/छात्रा भलिबलको उपाधि

विकास संवाददाता
थाहानगर



मकवानपुरको थाहा नगरपालिकामा नगरपालिका स्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि साविक विजेता जनकल्याण माविले हात पारेको छ । अघिल्लो दुई वर्ष विजेता भैसकेको यस वर्ष पनि विजेता भएसंगै जनकल्याणले राष्ट्रपति शिल्ड आफ्नै बनाएको छ । प्रतियोगिता अन्तर्गत मेयर कप छात्र र छात्रा भलिबल प्रतियोगिताको उपाधि भने पालुङको मत्स्य नारायण माविले जितेको छ ।


जनकल्याण माविले राष्ट्रपति रनिङ शिल्डमा १७ स्वर्ण, १४ रजत र ७ कास्य पदक सहित प्रथम हुन सफल भएको छ । त्यसैगरी ९ स्वर्ण, ३ रजत र ५ कास्यसहित बागेश्वरी मावि टिष्टुङ दोस्रो र ३ स्वर्ण ८ रजत ५ कास्य सहित झम्केश्वरी मावि ओखरबजार तेस्रो भएको छ ।

मेयरकप भलिबल प्रतियोगिताको फाइनल खेलमा मत्स्यनारायणका छात्र र छात्रा समूहले नाट्यश्वरको छात्र र छात्रा समूहलाई पराजित गरी प्रथम भएको छ भने छात्रातर्फ जनकल्याण र छात्र तर्फ बज्रबाराही मावि तेस्रो भएको छ । मेयरकप भलिवलमा दुवै मत्स्यनारायणका प्रवल कार्की र बिमला माया वाइवा उत्कृष्ट खेलाडी घोषित भएका छन् ।

विजेता विद्यालय र विद्यार्थीलाई प्रमुख अतिथी थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले शिल्ड, मेडल, प्रमाणपत्र तथा टूफी प्रदान गरेका थिए । थाहा नगरपालिका खेलकुद विकास समिती संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न समारोहमा थाहानगर उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, थाहा वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, थाहा नगर शिक्षा शाखाका अधिकृत माधवबिक्रम मल्ललगायत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू, विभिन्न संघ संस्थाका प्रतिनिधि, सहभागी विद्यालयका प्रधानाध्यापक, खेलाडी, खेल शिक्षक तथा विद्यार्थीहरूको उपस्तिथि रहेको थियो ।

समापन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी बिष्टले स्थानीयस्तरमा र हेका खेलाडीको क्षमता अभिवृद्धिका लागि नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सञ्चालन गर्दै आएको बताए । उनले राष्ट्रियस्तरका खेलाडी हुनको लागि बलियो आधार यहि प्रतियोगिता भएकोले यस किसिमको प्रतियोगितालाई थप व्यवस्थितसंगै सञ्चालन निरन्तरताको प्रतिवद्धता व्यक्त गरे ।

यही ८ पुसदेखि सञ्चालन भएको प्रतियोगितामा नगरपालिका अन्तर्गतका १० सामुदायिक र ४ वटा संस्थागत विद्यालयको सहभागिता रहेको थियो ।






# • सम्पादकीय •

## यसपालि पनि फेरि मलको हाहाकार होला है ?

यसवर्ष मकवानपुरको थाहा नगरपालिका र छिमेकी क्षेत्रहरुमा किसानहरुले बाली लगाउने बेला भएको छ । सरकारले रासायनिक मलको अभाव नहुने कुरा पटक–पटक बताउँदै आएको छ । अघिल्लो वर्ष रासायनिक मलको बोरा खोलेर किसानहरुलाई २/४ किलो मल बाँडेको ताजै छ । हरेक वर्ष खेतीपातीको समयमा मलको चरम अभाव देखिदै आएको हो । यसो हुनुमा विशेष गरेर सरकारले अनुदानमा वितरण गर्ने मलमा अहिले पनि टाठाबाठाहरुको हालीमुहाली कायमै छ र वास्तविक किसानहरुले मल नपाइरहेकै हो, भन्दा अतियुक्ति नहोला । मल आयात गर्ने जिम्मेवारी पाएका सरकारी स्वामित्वमा रहेका दुई संस्थान कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन आफ्नो जिम्मेवारीप्रति गम्भीर बन्न सकिरहेका छैनन् । मल बिक्री गर्ने कार्य व्यापार व्यवसाय नै हो । तर यी संस्थानहरुले पर्याप्त मल मगाउने र सिजनका लागि स्टक राख्ने हो भने यो परिस्थिति आउने थिएन । रासायनिक मल व्यापार गर्ने एकाधिकार सरकारले यी दुई कम्पनीलाई मात्र नदिई निजी क्षेत्रलाई पनि दिने वा अन्य विकल्पमा जान जरुरी छ ।

धान र मकै बाली नेपालका प्रमुख खाद्यान्न बाली हुन् । यसको उत्पादन राम्रो हुन सकेन भने अनिकाल पर्ने निश्चित छ । धेरै खेतीयोग्य जमिनको अन्धाधुन्ध प्लटिङ भइसकेकोले खेतीयोग्य जमिनमा घर घडेरी ठड्याउने काममा राज्यको नीति नै रोक्ने भन्दा प्रोत्साहित गर्ने खालको भयो । कृषि उत्पादन बढाउन मल कारखाना खोल्ने कुरा त राज्यको प्राथमिकतामा नै पर्न सकेको छैन । बिडम्बना नै मान्नुपर्छ, हरेक वर्ष खेतीपातीको मौसममा किसानहरु रासायनिक मल खोज्न शहर बजारमा भौंतारिनुपर्ने नियति रहँदै आएको छ । यो समस्याको दीर्घकालीन समाधान भनेको स्वदेशमै मल कारखाना खोल्ने उत्तम उपाय हो । जेहोस्, यो सरकारको ठूलो कमजोरी हो । दशकौंदेखि एउटै समस्यामा बल्झिरहने हो भने हाम्रो विकास र समृद्धिको नारा निरर्थक हुने पक्का छ । विगत सात दशकयता कृषि र किसानका कुरा धेरै भए तर काम हुन सकेन । हाम्रो मुलुकको गरिबी र पछौटेपनको कारण यही हो । दैनिक उपभोग्य वस्तु र औद्योगिक कच्चापदार्थको स्रोत कृषि नै हो । हामीले न आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न सक्यौं न मुलुकलाई औद्योगिकरणको दिशामा अगाडि बढाउन सक्यौं । मुलुक खाद्यान्न, तरकारी र फलफूलमा समेत आत्मनिर्भर बन्न नसक्नुका पछाडि धेरै कारण होलान् तर राज्यले नागरिकलाई गरिखाने वातावरणसम्म बनाउन नसकेको साँचो हो । बिउविजन, कृषिऔजारमा दिइएको अनुदान ठीक ढंगले सदुपयोग हुन सकेको पाइन्न । त्यहाँ पनि भ्रष्टाचार र कमिशनतन्त्रले जरो गाडेको छ । मुलुक त्यसै पछाडि परेको होइन, धेरै क्षेत्रमा विकृतिविसंगतिको चाङ लागेको छ । त्यसो त रासायनिक मलको विकल्प प्रांगारिक, जैविक मल वाअन्य मलहरु तत्काल हुन नसक्लान् तर मानव स्वास्थ्यका लागि पनि रासायनिक मलको प्रयोग घटाउँदै लैजानु राम्रो पनि हुन्छ । अहिलेलाई ठूलो क्षेत्रफलमा खेतीपाती वा कृषिकर्म गर्न रासायनिक मलको विकल्प छैन । तर सानो क्षेत्रफलमा खेती किसानी गरेर जीवन निर्वाह गर्नका लागि रासायनिक मलको विकल्प छ । अब त्यसतर्फ पनि ध्यान दिन आवश्यक छ ।

सरकारले कम्तिमा पनि रासायनिक मलको अभावलाई स्थायी समस्या बनाउनुहुँदैन । यसका लागि नीति निर्माण तहमा बस्ने राज्य सञ्चालकहरुले गंभीरतापूर्वक सोच्नुपर्छ, योजना बनाउनु पर्छ र कार्यान्वयनमा लैजानुपर्छ । यो समस्या हल गर्न ठूलो धनराशीको बजेट आवश्यक पर्ने भएकोले राज्य आफै अगाडि सर्नुपर्दछ । यसो गर्न नसके निजी क्षेत्रसँग हातेमालो गर्दै लगानीका लागि उपयुक्त वातावरण निर्माण गरिदिनुपर्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# सहकारी : सुधार्ने निकायमै समस्या



◆ रामचन्द्र उप्रेती

नेपालको संविधानमा तीनखम्बे अर्थतन्त्रको परिकल्पना गरियो । त्यसमध्येको एक खम्बा सहकारीलाई बनाइयो । अरू दुई खम्बा निजी र सरकारीलाई मानियो । आधुनिक विश्वमा सरकार आफैंले धेरै व्यवसाय गर्दैन । सरकारको काम व्यवसाय गर्ने निजी क्षेत्र, सहकारी र नाफा नबाँड्ने सामुदायिक संस्था वा कम्पनीहरूलाई अनुकूल वातावरण बनाउन निरन्तर सहयोग गर्छ र गर्नुपर्छ ।

नाफा कमाउन खुलेका कम्पनीको ध्यान नाफामा बढी हुने भएकाले यस्ता कम्पनीको व्यवसायमा सरकारको निगरानी बढी हुनुपर्छ । तर सीमित नाफा बाँड्ने सहकारी र नाफा नै नबाँड्ने गरी खुलेका व्यवसाय गर्ने संस्थामा सरकारको निगरानी एवम् नियन्त्रण तुलनात्मक रूपमा कम हुन्छ । विश्वमा नाफा नबाँड्ने धेरै कम्पनी, संस्था छन् । नेपालमा यसको अभ्यास निकै कम छ । नेपालमा पञ्चायती व्यवस्थाले सरकारीस्तरमा उद्योग खोल्ने र व्यवसाय गर्ने नीति लिएको थियो । त्यो समयमा निजी क्षेत्र यति सबल बनेको थिएन । त्यसैले पनि सरकारले उद्योग खोल्ने र सञ्चालन गर्ने नीति लिएको हुनुपर्छ ।

मिश्रित अर्थ–व्यवस्था भने पनि सरकार नियन्त्रित अर्थ–व्यवस्थाको परिकल्पना गरिएको थियो । त्यो बेलामा राज्य नियन्त्रित सहकारी (साझा) को परिकल्पना गरेर त्यस अनुरूप नै सञ्चालन भएका थिए । पञ्चायतका पच्चीस वर्षमा राज्यले सुरू गरेका उद्योग, व्यवसाय र सहकारी (साझा) एक हिसाबले सबै नै ध्यस्त हुन पुगे । बहुदलीय व्यवस्था सुरू भएपछि देशमा उदार अर्थतन्त्रको परिकल्पना गरियो । सरकारी उद्योग र व्यवसायलाई तीव्र गतिमा निजीकरण गरियो । सहकारी अर्थव्यवस्थालाई बढावा दिन नयाँ सहकारी ऐन २०४८ बन्यो ।

सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ ले सहकारीमा इमानदार मानिस हुन्छन् । स्वेच्छाले सदस्य बन्छन् । सदस्यहरूले आफूमध्येबाट इमानदार मानिस छानेर सञ्चालक बनाउँछन् । संस्थालाई सदस्यले नियन्त्रण र निगरानी गर्छन् । सदस्यले छानेको र सदस्यको हितमा हुने गरी व्यवसाय गर्छन् भन्ने जस्ता आदर्श परिकल्पना गरियो । त्यसैले सहकारीमा राज्यको खुकुलो नियन्त्रणको सिद्धान्त अपनाइयो ।

६० को दशक सुरू हुँदा नहुँदै सहकारीमा विकृति देखा परेको थियो । तर राज्यले त्यसलाई नियन्त्रण र निगरानी गर्न सकेन र त्यो झाङ्गिंदै गयो । सहकारीलाई सदस्यले नियन्त्रण गर्ने अवस्था बनेन । सञ्चालकको हालीमुहाली कायम भयो । सञ्चालकले सहकारीको मर्मलाई बुझेर काम गरेको संस्थामा समस्या देखिएन । जहाँ सञ्चालक स्वार्थी, लोभी भए धेरै समस्या यस्तै सहकारीमा देखियो । कतिपय समस्या देखिएका सहकारीका सञ्चालकमा क्षमताको पनि कमि देखिएको छ । सिक्न नचाहने र सिकेको कुरा पनि व्यवहारमा लागू नगर्ने प्रवृत्तिले पनि सहकारी समस्यमा परेका छन् ।

### सहकारी अभियान सुधार्ने निकायमै समस्या

सहकारी अभियानलाई संविधानमा परिकल्पना गरिए जस्तो तीन पिलरमध्येको एक सशक्त पिलर बनाउन तीनवटा क्षेत्रले महत्त्वपूर्ण काम गर्नुपर्छ । पहिलो : सहकारीलाई राम्रो बनाउने पहिलो काम प्रारम्भिक संस्थाको हो । प्रारम्भिक संस्थालाई राम्रो बनाउने भनेको यसका सदस्य, सञ्चालक र कर्मचारीको हो । जबसम्म सदस्यको चासो, जागरूकता आफू आवद्ध भएको संस्थामा हुँदैन तबसम्म सञ्चालक इमानदार भए संस्था चल्छ र लोभी भएर सञ्चालकले बदमासी गरे संस्था धरापमा पर्छ ।

सञ्चालक इमानदार भएर मात्रै पुग्दैन सहकारी बुझेको र क्षमतावान् पनि हुनुपर्छ । त्यसैले सदस्य बन्नुभन्दा पहिला वा सदस्य बनेपछि पनि कारोबार गर्नुभन्दा पहिला र पछि पनि आफू सदस्य भएको संस्थामा सदस्यले निरन्तर चासो राख्नुपर्छ । कारोबार कहाँ, कसरी भएको छ, संस्थामा आम्दानी र खर्चको अवस्था कस्तो छ । संस्थामा काम गर्ने हर्ताकर्ता भएका सञ्चालक र कर्मचारीले कत्तिको इमानदार भएर काम गरेका छन् आदिको बारेमा सदस्यले निरन्तर खबरदारी गर्नुपर्छ । यदि गर्न सकिंदैन, गर्ने जाँगर छैन, गर्न जानिंदैन भने सहकारीको सदस्य नबनेको राम्रो ।

सहकारी बैंक होइन । बैंकको नियमन गर्ने काम नेपाल राष्ट्र बैंकले गर्छ । बैंकले बदमासी गरेको भए उसले देख्छ र सही ठाउँमा ल्याउन पहल गर्छ तर सहकारीलाई यसरी नियमन गर्ने क्षमता सहकारीलाई दर्ता गरिदिने निकायले राख्दैन । यो स्वनियम र स्वअनुशासनमा चल्ने संस्था एवम् व्यवसाय हो । त्यसैले सिद्धान्ततः सरकारले सहकारीलाई कडिकडाउ गर्दैन, गर्नुहुँदैन, गर्नुपर्दैन भन्ने मानिन्छ ।

सहकारी संस्थाले पनि घर–घरमा गएर फकाएर नाम मात्रको सदस्य बनाउने, सदस्यलाई ब्याजको लोभ देखाएर पैसा जम्मा गर्न लगाउने तर सदस्यलाई संस्थाको बारेमा जानकारी दिन आनाकानी गर्ने, सूचना लुकाउने, आफूलाई नै सर्वेसर्वा र मालिक ठान्ने काम सञ्चालक र कर्मचारीले गर्नुभएन । सहकारीलाई सशक्त र बलियो बनाउने हो भने सदस्यलाई सचेत र जागरूक बनाउन अति जरूरी छ । यो निकै कठिन काम हो तर यही कठिन काम नगरी सहकारी बलियो एवम् दिगो हुँदैन ।

त्यसैले सदस्यलाई संस्थासँग जोडिरहनका लागि सदस्यको सुख–दुःखमा सहभागी हुने कार्यक्रम लिएर सदस्यको घरदैलोमा पुग्ने गर्नुपर्छ । संस्थाको कारोबार, गतिविधि सदस्यका अगाडि सधैं खुला र पारदर्शी बनाउनुपर्छ ।

दोस्रोः सहकारी अभियानलाई सुशासित बनाउने, सहकारीलाई आवश्यक पर्ने नीति–नियमका लागि सरकारसँग लबिङ गर्ने, सहकारी अभियानको पैरवी गर्ने, नेपालको सहकारी अभियानलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउने र जोड्ने काम गर्ने निकाय भनेको सहकारीका जिल्लादेखि केन्द्रसम्मका विभिन्न संघहरू हुन्, महासंघ हो । यस्ता संघहरू बलिया र सहकारी अभियानमैत्री भइदिए आफ्ना सदस्य संस्थालाई सुशासनका लागि सहजीकरण गर्ने, सहकारीलाई सिद्धान्त अनुरूप सञ्चालन गर्न मार्गनिर्देशन गर्ने, जोखिमबाट बचाउन पहल गर्ने, व्यवसायमा समन्वय गर्ने, लेखा परीक्षण दुरूस्त भए–नभएको हेर्ने, संस्थाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित भए–नभएको अनुगमन गर्ने आदि जस्ता विषयमा आ–आफ्ना सदस्य संस्थाको नेतृत्व गर्न सक्ने थिए ।

तर अधिकांश यस्ता संघहरू निष्क्रिय र निकम्मा बनेका छन् । प्रारम्भिक सहकारी संस्थामा राजनीतीकरण त्यति धेरै नभए पनि यस्ता संघहरूमा पूर्णरूपमा राजनीतीकरण भएको छ । अझ भन्दा केही राजनीतिक प्रेरित व्यक्तिहरूले आ–आफ्नो स्वार्थका लागि आफ्नो अनुकूलका धुपौरेहरूको संघहरूमा भजनमण्डली नै तयार गरेका छन् । सहकारी महासंघ, सहकारीका केन्द्रीय संघहरूमा नेतृत्व गर्ने नाम चलेका कतिपय सहकारी नेताको संस्था नै छैन । जसको संस्था छ तिनका संस्थामा पनि सुशासनको अभाव छ । देशमा राम्रा र सुशासनमा चलेका धेरै सहकारी छन् तर तिनको प्रतिनिधित्व यस्ता निकायमा विरलै हुन्छ । अर्थात् जो नेता छन् तिनको संस्था नै छैन र जसले संस्था चलाएको राम्रो अनुभव छ तिनले नेतृत्व गर्ने अवसर नै पाउँदैनन् । अहिलेको संरचनाको कारण पनि यस्तो भएको छ ।

जब सहकारी नेताको कुनै सहकारी नै हुँदैन तब त्यस्ता नेतालाई सहकारीको मोह हुँदैन । सहकारी अभियान डुब्दा वा जोखिममा पर्दा सहकारी नेताको केही बिग्रँदैन । यस्ता नेता सहकारी अभियानका लागि नभई आफ्ना लागि, आफ्नो प्रभाव, सुविधा र मानसम्मानका लागि नेता भएका हुन् । सहकारीमा भने जस्तो भएन भने राजनीति वा अरूतिर दौडिन्छन् । सहकारी अभियान राम्रो बनाउनु यिनीहरूको प्राथमिकता होइन । यतिखेर देशमा नाम चलेका ठूला र चल्तीका सहकारी नेतामध्ये १० जनाको नाम लिंदा ८ जनाको यो अवस्था हो । २० जनाको नाम लिंदा १५ जनाको यो अवस्था हो । त्यसैले सहकारी अभियानका केन्द्रहरू आफ्नो जिम्मेवारी राम्ररी पूरा गर्न नसक्ने अवस्थामा छन् । यस्ता नेताहरूको बोलीमा तागत छैन । सहकारी अभियान सुधार्ने कुनै कार्यक्रम र योजना हुँदैन । चुनाव हुँदा चुनाव जसरी पनि जित्ने मात्रै एजेण्डा हुन्छ । तर चुनाव जितेर के गर्ने भन्ने प्रस्ताव हुँदैन ।

यिनको कुरालाई सरोकार राख्ने कसैले पत्याउँदैनन् । देशमा हामीले सहकारीको विकासका लागि यो–यो काम गर्‍यौं भन्ने साहस छैन । राम्रा सहकारी अर्थात् उदाहरणीय सहकारीका लागि यी १० मा ८ र २० मा १५ नेताले आफ्नो सहकारी देखाउन सक्दैनन् । यदि देशमा कानुन बलियो हुन्थ्यो र कानुनको राज चल्ने हो भने यी ८ र १५ मध्ये धेरैजसो नेताहरू जेलमा हुन्थे । आज सहकारी संस्था खोलेर जनताको ठूलो रकम अपचलन गर्नेहरूलाई कानुनको कठघरामा उभ्याउनुपर्छ भन्ने साहस यी नेताहरूमा छैन । किनकि उनीहरूमध्ये प्रभावशाली केहीको हालत यस्तै छ ।

कतिपय चल्तीका नेताका

*बाँकी पृष्ठ ३ मा*

# सहकारी : सुधार्ने .... .. ..

सहकारीमा निक्षेपकर्ताले पैसा फिर्ता नपाएर धोका पाएका छन् । यस्ता धेरै नेता राजनीतिक भागबन्डाका आधारमा यहाँ पुगेका हुन् । उनको नेता बन्ने आधार सहकारीमा गरेको योगदान, अनुभव र क्षमता नभएर आफू आवद्ध राजनीतिक पार्टी बनेको छ ।

पार्टीले केही नेताको व्यवस्थापन त गरे तर यस्तै नेताको कारण सहकारी अभियान डुब्दा पार्टीलाई पनि क्षति पुग्छ भन्ने कुराको ख्याल गरेको देखिंदैन । जसले सहकारीमा आफ्नो पसिनाको कमाइ गुमाए तिनले बुझेका दिन पार्टीका नेता र कार्यालयमा घेराउ गर्न जानेछन् । यसले पार्टीलाई नोक्सान नै हुन्छ ।

कतिपय प्रदेश र जिल्ला–जिल्लामा पनि संघको हालत यस्तै यस्तै छ । झोलाका संस्था एवम् संघहरू चुनावका बेला सक्रिय हुन्छन् । यस्ता निष्क्रिय वा मृतप्रायः सहकारीहरू निर्वाचनका बेला चिहानबाट ब्युँतिएर भूत आएसरी आउँछन् र सक्रिय हुन्छन् । यसलाई रोक्न कसैले प्रयास गर्दैनन् । किनकि यस्तै झोलाका संघ र तिनका प्रतिनिधिहरूले चुनावमा हराउने र जिताउने हैसियत राख्ने गर्छन् । यस्तै बेलामा काम लाग्छ भनेर यस्तालाई पालेर राखिन्छ । सक्रियताको खोजी गरिंदैन । विधिसम्मत भए–नभएको हेरिंदैन । यस्ता संघ दशकौं दशक निष्क्रिय रहँदा पनि खारेज गरिंदैन ।

दशकौंअघि गठन भएका समितिका पदाधिकारी नै हर्ताकर्ता छन् । त्यसैले सहकारी अभियानमा सहकारीको विकासका लागि महत्त्वपूर्ण भूमिका निभाउनुपर्ने महासंघ, केन्द्रीय संघ र जिल्ला संघहरू खादा, माला, आसन र भाषणमा सीमित भएका छन् । सहकारी अभियानको प्रवर्द्धन र विकासका लागि ठोस भूमिका निभाउन नसक्ने अवस्थामा छन् ।

तेस्रोः सहकारीलाई दर्ता र नियमन गर्ने मुख्य जिम्मेवारी पाएको सबै तहका सरकार । सरकारले यो अवधिमा गरेको महत्त्वपूर्ण गल्ती के हो भने जब सहकारी अभियान सहकारी ऐन २०४८ को मर्म अनुरूप चलेन भन्ने जानकारी पायो तब यसलाई नियमन गर्ने बलियो संयन्त्र बनाउनुपर्थ्यो । त्यो गर्न सरकार चुक्यो । धेरै लामो बहस र छलफल पछि सहकारी ऐन २०७४ त आयो तर यो पनि सहकारी नेताहरूको स्वार्थको कारण पूर्ण व्यवस्थित हुनसकेन । सहकारी ऐन आएदेखि नै संशोधनको चर्चा चल्यो र यो पूर्ण कार्यान्वयन हुन पाएन, हुनसक्ने अवस्था पनि थिएन ।

सहकारी मन्त्रालय त बन्यो तर मन्त्रालय र विभागमा आउने कर्मचारी छिटोछिटो सरूवा हुने हुँदा बुझ्न समय लाग्ने र सहकारीलाई सुधार्ने भन्दा पनि स्वार्थ हेर्ने र निकम्मा अभियानकर्मी एवम् राजनीतिको दबाब झेल्नुपर्ने प्रवृत्तिले गर्दा नियमक निकायमा बसेकाको भूमिकाले सुधार्ने कम र बिगार्ने धेरै भयो । यसरी नेपालको अर्थतन्त्रका तीन पिलरमध्येको एक पिलरको उपमा पाएको सहकारी अव्यवस्थित बन्न पुग्यो ।

यी कमजोरीका बावजुद पनि सहकारी अभियानले धेरै राम्रा उपलब्धिहरू हासिल गरेको छ । हजारौं हजार प्रारम्भिक सहकारी संस्थाहरूले लाखौं जनतालाई संगठित गर्ने र सेवा दिने काम गरेका छन् । तर यो उपलब्धिलाई ओझेलमा पार्ने गरी सहकारीका बारेमा नकारात्मक समाचार आउने अवस्था बन्यो । दशौं हजार निक्षेपकर्ताको अरबौं रकम जोखिममा परेको छ ।

**कसरी सुधार्न सकिन्छ सहकारी अभियानलाई ?**

एकः सहकारी ऐनमा व्यापक संशोधन गर्नुपर्छ र सहकारीलाई बिल्कुल समुदाय अर्थात् सदस्यमा केन्द्रित बनाउनुपर्छ । तोकिएको व्यवसायमा सहकारीलाई अनिवार्य केन्द्रित गर्नुपर्छ । व्यवसाय नगर्ने सहकारी खारेज गर्नुपर्छ ।

संघहरूको बनावट अर्थात् गठन प्रक्रियाको पुनर्गठन गर्नुपर्छ । निष्क्रिय सदस्य, निष्क्रिय संस्था र निष्क्रिय सबै तहका संघहरू खारेज हुने व्यवस्था हुनुपर्छ । अर्थात् सहकारीमा नवीकरणको व्यवस्था हुनुपर्छ । संघ तथा संस्था खारेज हुँदा त्यस्ता संघ-संस्थाका प्रतिनिधि स्वतः खारेज हुने व्यवस्था हुनुपर्छ । सहकारी संघ वा संस्थाले गर्ने व्यवसायसँग नजोडिएका सदस्यको सदस्यता खारेज हुनुपर्छ । बहुउद्देश्यीय सहकारी संस्थाले गरेको व्यवसायका आधारमा उपल्लो संघमा सदस्यता पाउनुपर्छ । सबै प्रारम्भिक सहकारी र विषयगत संघहरूले उपल्लो तहको संघको सदस्यता अनिवार्य लिनुपर्ने व्यवस्था हुनुपर्छ । सहकारीको संख्या घटाउने र सहकारीको व्यवसायको आकार बढाउने गरी नीति बनाउनुपर्छ ।

सबै तहका सहकारीको बलियो नियमन तथा अनुगमन गर्ने व्यवस्था हुनुपर्छ । जुन निकायले सहकारी दर्ता गर्ने हो त्यो निकायले नै आफूले दर्ता गरेका सहकारीको नियमन गर्ने जिम्मा लिनुपर्छ । सहकारीमा नियम विपरीत काम गर्ने सञ्चालक, कर्मचारी, नियामक निकायलाई जिम्मेवार बनाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

दुईः सबै तहका संघहरूको भूमिका प्रभावकारी बनाउन संघको सत्या घटाउने, संघहरूलाई सदस्यको व्यवसायको प्रवर्धन गर्ने गरी व्यवसाय गर्न अनिवार्य गर्ने, सदस्य संस्थामा सुशासन कायम गर्न नियमित भूमिका निर्वाह गर्ने गरी अधिकार बढाउने र जिम्मेवारी दिने अवस्था हुनुपर्छ । जिम्मेवारी पूरा गर्न नसक्ने वा नगर्ने संघलाई अरू संघमा गाभ्ने वा खारेज गर्ने व्यवस्था गर्नुपर्छ । अर्थतन्त्रको तीन पिलरमध्येको एक पिलरको रूपमा स्थापित र परिभाषित सहकारीलाई सुधार्ने अवसर पनि हो । कार्य क्षेत्रमा देखिएका समस्या समाधान गर्दै सहकारी अर्थतन्त्रलाई बलियो बनाउन सबैले आ-आफ्नो ठाउँबाट पहल गरौं ।

# के कुराले मान्छेलाई आकर्षक बनाउँछ ?

*अंग्रेजीमा एउटा भनाइ छ 'फर्स्ट इम्प्रेसन इज द लास्ट इम्प्रेसन ।'*

यसको अर्थ, पहिलो पटक कसैसँग भेट्दा जुन किसिमको प्रभाव छाड्नुहुन्छ त्यो उसले लामो समयसम्म याद गरिरहन्छ । तपाईं कसैसँगको पहिलो भेटमा कसरी प्रस्तुत हुनुभयो, कस्तो देखिनुभयो, तपाईंको आवरण दोस्रो व्यक्तिले सम्झिरहन्छ । यसबाहेक तपाईंसँग त्यस्तो के कुरा हुनसक्छ जसले अरूको हृदय स्पर्श गर्छ ? अरूको मन लोभ्याउँछ ?

आम बुझाइ के छ भने प्रेमिल सम्बन्धको सुरूवात त्यसबाट हुन्छ कि पहिलो नजरमा तपाईं कस्तो देखिनुभयो ? यद्यपि अरू कतिपय खुबीको कारण पनि मान्छे आकर्षक देखिन सक्छ । के तपाईं स्वीकारयोग्य हुनुहुन्छ ? तपाईं कसरी बोल्नुहुन्छ ? कसरी प्रस्तुत हुनुहुन्छ ? कस्तो हाउभाउ देखाउनुहुन्छ ?

अमेरिकामा यही सेरोफेरोमा एउटा सर्वेक्षण गरिएको थियो । त्यसमा एउटा साझा प्रश्न सोधिएको थियो, 'मान्छेको लुक्स (आवरण) बाहेक अरू के-कस्ता गुणले लोभ्याउँछ ?' घर, गाडी जस्ता भौतिक सफलता आफ्रूहरूलाई लोभ्याउनेमध्ये सबैभन्दा तल्लो तहको गुण भएको सहभागीहरूको राय थियो । बरू आफ्नो पार्टनरको कुरामा सहमति जनाउने, खुलेर बोल्ने, बुद्धिमानी जस्ता गुणलाई उनीहरूले शारीरिक आकर्षण भन्दा उच्च श्रेणीमा रहेको बताए ।

### आवरण कति महत्वपूर्ण ?

यस सर्वेक्षणमाथि टिप्पणी गर्दै अमेरिकाको फ्लोरिडा विश्वविद्यालयका मनोविज्ञानका प्राध्यापक ग्रैग वेबस्टर भन्छन्, 'यस किसिमको सर्भेमा मान्छेहरू यस्तो जवाफ दिने प्रयास गर्छन् कि जसलाई अरूले राम्रो मान्छ । त्यसैले यस्तो सर्भेले वास्तविक सत्य भने उजागर नहुन सक्छ ।'

त्यसो भए वास्तविकतामा मान्छेले अरूको आवरणलाई नै महत्व दिन्छन् ? मनोवैज्ञानिक डाक्टर पूजा शिवम जेट्ली भन्छिन्, 'सुरूवाती आकर्षण मान्छेको आवरणमा नै हुन्छ । यद्यपि यो मान्छेको हेराइमा पनि फरक पर्छ ।'

'तपाईं कस्तो देखिनुहुन्छ ? तपाईंप्रति कसैले धारणा बनाउने त्यो एउटा पहिलो बिन्दु हुनसक्छ । तर लामो समयसम्म कसैको सुन्दरता वा आवरणले लोभ्याइर हन सक्दैन ।'

तपाईंको व्यक्तित्व, तपाईंको आवश्यक्ता र तपाईंले दुनियाँलाई कसरी हेर्नुहुन्छ भन्ने कुराले यसको निर्धारण गर्छ । पहिलो झलकमै मन परेको हुनसक्छ तर त्यसबेला आपसमा कुराकानी भएको छैन भने पछि त्यही कुराले मतभेद ल्याउन सक्छ । आफ्नो पार्टनरको कुरा सुन्नु र आपसमा सहमति बनाइराख्नु कुनैपनि सम्बन्धलाई दिगो राख्ने एउटा महत्वपूर्ण सर्त हो ।

आवरण वा सुन्दरताको कारण तपाईंलाई कुनै व्यक्ति मन परेको होला । तर उनले तपाईंको कुरालाई कति पनि महत्व दिंदैन भने तपाईंले उनलाई मनपराइरहनु हुन्छ त ?

कुनैपनि मान्छेको व्यक्तित्व मापन गर्नु सजिलो काम होइन । दशकौंदेखि साइकोमेट्रिक टेस्टमा मान्छेसँग यस्ता थुप्रै प्रश्न सोधिएको छ ताकि उनीहरूको व्यक्तित्वको बारेमा थप जानकारी प्राप्त होस् ।

### कसैको व्यक्तित्व कसरी मूल्यांकन गर्ने ?

आम जीवनमा कुनै मान्छेको व्यक्तित्व कसरी मूल्यांकन गर्ने त ? बिहेवियर एक्सपर्ट एवं लाइफ कोच आस्था दिवान भन्छिन्, 'एउटा मान्छेको व्यक्तित्व केही कुरा मिलेर बनेको हुन्छ । तपाईंसँग कति सहज रूपमा कुराकानी गर्न सकिन्छ ? यो महत्वपूर्ण छ ।'

कुराकानी गरिरहँदा तपाईंले दोस्रो व्यक्तिलाई बोल्न दिनुहुन्छ ? तपाईंको रूचि के हो, विचार कस्तो हो, जीवनको मूल्य के हो, आत्मविश्वास कस्तो छ ? यी तमाम कुरा व्यक्तित्वको एक अहम् हिस्सा हो । तपाईंले यो पनि सुन्नुभएको होला, 'विपरीत आकर्षण' भनेको दुई व्यक्ति जो एकअर्काबाट पूर्णतया फरक छन्, उनीहरू पनि आपसमा आकर्षित हुन्छन् । किनभने व्यक्तित्वमा हुने भिन्नताले पनि मान्छेलाई आकर्षित गर्छ ।

त्यसो त मान्छेले यस्तो साथी खोजी गरिरहेका हुन्छन्, जो ऊसँग पहिलेदेखि नै परिचित छन् । जसको व्यक्तित्व, जीवनशैली र सामाजिक समूह मेल खान्छ । यो आकर्षणको आधारभूत सिद्धान्त हो । यसमा आस्था दिवानको टिप्पणी छ, 'कहिलेकाहीं मान्छेले आफ्नो समान साथी खोज्छ । कहिले आफूभन्दा अलग खोज्छ । यो मान्छेको प्रवृत्ति हो ।' खासगरी तपाईंको विचारमा, गुणमा, रोजाइमा समानता छ भने तपाईंहरू आपसमा तुरून्तै जोडिनुहुन्छ ।

कुनैपनि सम्बन्धलाई दिगो बनाउन एकसाथ रहेर पनि आ-आफ्नो मूल्यमान्यतालाई डोहोऱ्याउन सक्ने अनुकूलता हुनु हो । मान्छेले सधैं आफ्नो समानता खोज्छ भन्ने होइन । कहिलेकाहीं आफूभन्दा निकै फरक व्यक्तित्वलाई पनि मन पराउँछ । यदि दुवैले एकअर्काको आवश्यक्ता पूरा गरि दिन्छ भने । डा. आस्था दिवानका अनुसार मित्रताभन्दा पनि आकर्षण धेरैजसो विपरीत व्यक्तिसँग हुने गर्छ । मित्रता पनि दुई पूर्णतया फक व्यक्तिबीच छिट्टै हुन्छ ।

उनी भन्छिन्, 'मान्छेले कति पटक आफूमा के-कमी छ त्यो आफ्नो पार्टनरमा खोज्छ । र, एकअर्कासँग मिलेर त्यो कमी परिपूर्ति गर्छ ।' सम्बन्धका लागि दोस्रोको आकर्षण गुणका साथै सहमति बनाइराख्नु निकै महत्वपूर्ण हुन्छ । ग्रेग वेबस्टरले सामाजिक मनोवैज्ञानिक एंगेला ब्रायन र अमैन्डा महाफ्फीसँग मिलेर मान्छेको व्यक्तित्वको तीन गुणमाथि शोध गरेका थिए ।

*– बीबीसीबाट अनुदित*






# शेयर पूँजी ९ करोड नाघ्यो, कर्मचारीलाई दीर्घ सेवा सम्मान

◆ विकास संवाददाता

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको शेयर पूँजी ९ करोड ८९ लाख २४ हजार ४ सय रूपैयाँ पुऱ्याइएको छ । वि.सं. २०७९ भदौँ महिनाभरी शेयर थप खुला गरी शेयर रकम ३८ दशमलव ७२ प्रतिशतले थप भएको सहकारीका कार्यवहाक अध्यक्ष अरूण रायमाझीले बताए । ९ पुसमा भएको सहकारीको २४ औँ साधारण सभामा कार्यवहाक अध्यक्ष रायमाझीले शेयर सदस्य वार्षिक प्रगति प्रतिवेदन तथा नीति कार्यक्रम सार्वजनिक गरेका थिए । सहकारीको अन्य कोषहरू १५ करोड ९३ लाख ५४ हजार रूपैयाँ र कर्जा लगानी ९० करोड ५७ लाख ६४ हजार रूपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक वर्ष २०८०/०८१ मा संस्थाको कर्जा लगानी ७ प्रतिशतले वृद्धि गरी ९६ करोड ९१ लाख कर्जा पुऱ्याउने लक्ष्य र ाखिएको छ । सहकारीको ६ हजार ३ सय ८८ जना शेयर सदस्य रहेका छन् । संस्थाको आफ्नै स्वामित्वको जमिनमा निर्माण गरिएको अत्याधुनिक प्रविधियुक्त हाइटेक नर्सरीबाट विभिन्न जातका तरकारीहरूका विरूवा उत्पादन तथा खुल्ला जग्गामा तरकारी उत्पादन र बजारीकरण गरी सदस्यहरूलाई सुपथ मूल्यमा गुणस्तरीय बेर्ना तयार गरी उपलब्ध गराउँदा कृषक सदस्यहरू लाभान्वित भएको अध्यक्ष रायमाझीले बताए । पालुङ बहुउद्देश्यीय सहकारी संस्था २५ औँ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा सहकारीले रजत जयन्तीको कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

साधारण सभाले रिक्त रहेको सञ्चालक समितिको अध्यक्ष पदको लागि उपनिर्वाचन हुने सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिए । कार्यक्रममा प्रमुख अतिथी संघिय सांसद महेश कुमार वर्तौलाले साधारणसभालाई शुभकामना दिदै सहकारी संस्थाको आगामी यात्रा सुखद रहोस् भन्ने शुभकामना व्यक्त गरे । बर्तौलाले सहकारीको मर्म बमोजिम किसान, कालिगड, न्यून आय भएका बर्गको उत्थान र वित्तीय पहुँच वृद्धिमा यस सहकारीले महत्त्वपूर्ण भुमिका हुनुपर्ने विश्वास व्यक्त गरे । कार्यक्रमका विशेष अतिथि थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्टले सहकारीहरूले बचत र ऋणको मात्र काम नगरी उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन आग्रह गर्दै त्यसको लागि नगरपालिका सहकार्य गर्न तयार रहेको बताए ।



पालुङ बहुउद्देश्यीय सहकारीको साधारणसभा

सहकारीको कार्यवहाक अध्यक्ष अरूण रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा थाहानगर उपप्रमुख भरत गोपाली, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका कोषाध्यक्ष बिमलकुमार ढकाल, संस्थापक अध्यक्ष बिष्णुहरी ढकाल, पुर्व अध्यक्ष पुरूषोत्तम कार्की, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, नेपाली काँग्रेस थाहाका नगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमालेका नगर अध्यक्ष अचुत्तम प्रसाद ढकाल, माओवादी केन्द्रका नगर सचीव लक्ष्मण बिष्ट, संस्थाका पुर्व व्यवस्थापक पशुपति अर्याललगायत विभिन्न बित्तिय संस्था तथा संघ संस्थाका प्रतिनिधिहरूको आतिथ्यता रहेको थियो ।

साधारणसभाको अवसरमा संस्थामा स्थापना कालदेखि कार्यरत कर्मचारीहरूलाई दिर्घसेवा पदक प्रदान गरिएको छ । सम्मानित हुनेमा सहव्यवस्थापक रामप्रसाद ढकाल, लेखापाल विद्यामान श्रेष्ठ, वरिष्ठ फिल्ड सहायक राम कार्किलाई सम्मान गरि एको हो । संस्थाका सदस्यका सन्तान मध्य पिएचडि गर्ने थाहा ३ घर्तिखोलाका राजेन्द्र केसी, (गणित) हेटौंडा ४ का घोषणा बिष्ट (सूचना र प्रविधी) एम बिबिएस गर्ने थाहा ४ का सुजता केसी र समाज गोपाली, पाइलट थाहा २ का प्रवेश बिष्टलाई सम्मान गरिएको थियो ।

त्यसैगरी वि.सं. २०७९ को एसइई परीक्षामा उत्कृष्ट अंक ल्याउने सुनौला माविका आयुस गोपाली, जनकल्याणकी कृति ढकाल, हिमालयन इङ्लिस स्कुलका परिक्षित रायमाझी, थानकोट इङ्लिस स्कुलका रूबिना गोपालीलाई सम्मान गरिएको छ ।

असल ऋणी मध्ये भगवती बलामी, बिष्णु बहादुर बस्नेत, सानोकान्छा नेपाली सम्मानित भए भने असल बचततर्फ सर स्वती श्रेष्ठ, सुनितादेवी भट्ट, शान्ता थापा सम्मानित भए । जेष्ठ नागरिक सम्मानमा मेनकुमारी ढकाल, तेजबहादुर प्रधान, चिरमाया गोपाली र कृष्ण बहादुर लामा सम्मानित भएका छन् ।

# हेटौंडा उपमहानगरले कानुन र कृषि स्नातक पढाउन



◆ विकास संवाददाता

प्राविधिक शिक्षातर्फ स्नातक तहको २ वटा विषयको अध्यापन गराउने योजनामा हेटौंडा उपमहानगर पालिका कार्यालय लागेको छ । हेटौंडाकी मेयर मीना कुमारी लामाको नेतृत्वमा कानुन र कृषि विषय अध्यापनका लागि २ वटा शैक्षिक संस्थाको स्थलगत अनुगमन गरिएको थियो ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर उपमहानगरपालिकाले २ वटा कलेज सञ्चालन गर्ने तयारी अनुसार शैक्षिक संस्थाको अनुगमन गरिएको हो । उपमहानगरपालिकाको नीति तथा कार्यक्रम अनुसार हेटौंडामा कानुनतर्फको बीएएलएलबी ५ वर्षे कोर्ष र कृषितर्फको बीएस्सी एजी ४ वर्षे कोर्ष संचालन गर्ने उद्देश्य अनुरूप शैक्षिक संस्थाको स्थलगत अनुगमन गरिएको हो ।

उपमहानगरपालिकाको अगुवाइमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर हेटौंडामा नै यो विषय अध्यापनका लागि तयारी गरिएको हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँले जानकारी दिए । उनका अनुसार मंगलबार विश्वविद्यालयका उपकुलपति प्रा.डा. यादवर ाज कोइरालाको टोलीले यो विषय अध्यापन हुने २ वटा शैक्षिक संस्थाको अनुगमन गरिएको हो ।

अध्ययापनको प्रक्रिया अघि बढाउन हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा कानुन र हेटौंडा-१६ को जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)मा कृषितर्फको विषय संचालनका लागि अनुगमन गरिएको उनले बताए । गत असोजमा उपमेयर बानियाँको नेतृत्वमा विराटनगरमा रहेको पूर्वाञ्चल विश्वविद्यालयमा सूचिकृत गरिएको थियो । पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति कोइरालाको टिम विद्यालयको अनुगमनका लागि हेटौंडा आएको हो । अनुगमन टोलीले दुवै विद्यालयको भौतिक संरचना तथा आवश्यक पूर्वाधारको स्थलगत अनुगमन गरेको थियो ।

# कुलेखानी हुमाने सडक २ महिना बन्द

◆ विकास संवाददाता

कुलेखानी, फाखेल, हुमाने, फर्पिङ सडक खण्ड हुँदै काठमाडौं जाने सडक दुई महिना बन्द हुने भएको छ ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाल १३ पुसमा सूचना जारी गर्दै सडक मर्मत, निर्माण तथा स्तरोन्नतिको कार्य निरन्तर चलिरहेकोले सडक बन्द रहने बताएको छ । पुस १६ गतेदेखि फागुन १५ गतेसम्म सम्पूर्ण सवारी साधनहरू पूर्ण रूपमा आवतजावत बन्द रहने र सवारी साधनहरू अन्य बैकल्पिक सडकको प्रयोग गरी आवागमन गर्न सुचना प्रकाशित गरिएको इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले बताए ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाको सार्वजनिक सन्देश
तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।
हेटौंडा उपमहानगरपालिका, १९ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
२०८० पौष १६ गते सोमबार, 01 Jan., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com


# थाहानगरको फुर्केमा तमु ल्होसार मनाइयो




◆ विकास संवाददाता

तमु ह्युल छोंज धिं गुरूङ राष्ट्रिय परिषद इकाई समिति थाहा नगरपालिका वडा नम्बर ५ फुर्केको आयोजना तथा नेपाल तमु विद्यार्थी छोंज धीं जिल्ला कार्यसमितिको सहआयोजनामा साँस्कृतिक कार्यक्रमसहित तमु ल्होसार मनाइएको छ ।

तमु ह्युलका इकाई अध्यक्ष तथा थाहा ५ का वडा अध्यक्ष बिष्णु बहादुर गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता तथा उपप्रमुख भरत गोपालीको विशेष आतिथ्यतामा भएको हो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, ५ नम्बर वडाका निर्वाचित जनप्रतिनिधि, तमु विद्यार्थीका जिल्ला कार्यसमिति सदस्यहरू, तमु समाजका जेष्ठ सदस्य गणेश बहादुर गुरूङ, पत्रकार शम्भु अधिकारी लगायतका अतिथी हरूको उपस्थिति रहेको थियो । सो अवसरमा शुभकामना दिदै प्रमुख अतिथी नगर प्रमुख बिष्टले संस्कार र संस्कृति जान्न र बुझ्नका लागि पनि युवाहरूको सक्रियता बढेको देखेर खुसी लागेको बताए । ल्होसार चाड सामूहिकरूपमा मनाउँदा नयाँ पुस्ता र अन्य समुदायलाई पनि चासोको विषय बनेको उनको भनाइ थियो । उनले गुरूङ समुदायको संस्कृति तथा रहनसहन लाई पुस्तानान्तरण गर्दै लानुपर्नेमा जोड दिए ।

तमु ल्होसारको बारेमा र कार्यक्रमको उद्देश्यको बारेमा प्रष्ट पार्दै तमु विद्यार्थीका मन गुरूङले ल्हो को अर्थ वर्ष र सारु को अर्थ नयाँ भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको बताउदै यस दिन गुरूङ समुदायले हर्षोल्लासका साथ आफ्नो भेषभुषा र नयाँ परिकार ग्रहण गरी नयाँ वर्षलाई स्वागत गर्ने तथा 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित भएको बताउदै गुरूङ समुदायको बाहुल्य रहेको नेपालको धेरै जिल्लाहरूमा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको बताइन ।

यसपटक तमु (गुरूङ समुदाय)ले तो (बिरालो वर्ग)को बिदाइ गर्दै गरूड बर्गको स्वागत गरेर भव्य रूपमा पर्व मनाएका हुन् ।

# पालुङ बहुउद्देश्यीय सहकारीका नवनिर्वाचित अध्यक्ष विष्टले शपथ लिए




◆ विकास संवाददाता

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका नव निर्वाचित अध्यक्ष कृष्ण बहादुर विष्ट (केबी सर) ले शपथ ग्रहण गरेका छन् । १५ पुसमा सहकारी संस्थाकै हलमा एक कार्यक्रमको आयोजना गरी निर्वाचन अधिकृत सानोभाइ कार्कीले शपथ गराएका हुन् ।

थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टको समेत उपस्थिती रहेको शपथ ग्रहण कार्यक्रममा सहकारीका पूर्व अध्यक्षहरू विष्णुहरि ढकाल, विमल कुमार ढकाल, पुरूषोत्तम कार्कीलगायत पनि थिए ।

कार्यक्रममा सहकारीका कार्यवहाक अध्यक्षको भूमिकामा रहेका अरूण रायमाझी, सदस्य यादवजंग रायमाझी पनि सहभागी थिए । चार जनाको उमेद्वारी परेको अध्यक्ष पदमा विष्ट सर्वसम्मत निर्वाचित अध्यक्ष हुन् ।

# थाहानगरको सिमभन्ज्याङमा १८ फिटको बुद्धको मूर्ति शिलान्यास

◆ विकास संवाददाता

पर्यटकीय नगरी थाहाको सिमभन्ज्याङका बुद्धको मूर्ति स्थापना गरिने छ । वडा नम्वर ४ सिमभज्याङमा धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्ने उद्देश्यले १८ फिटे बुद्धको मूर्ति राख्न लागिएको हो ।

मकवानपुरका समाजसेवी सिद्धलाल श्रेष्ठको निजि लगानीमा सिमभन्ज्याङमा १८ फिटे बुद्धको मूर्ति निर्माण गरी राखिन लागेको हो । मूर्ति निर्माण गरी राख्ने स्थानमा समाजसेवी श्रेष्ठ र थाहा नगरपालिका उपप्रमुख भरत गोपाली लगायतको उपस्थितिमा १० पुसमा शिलान्यास गरिएको छ । सिमभनज्याङमा कमलको फूल तलबाट ३ फिट, जमिनबाट माथि फाउन्डेसन ६ फिट र बुद्धको मूर्ति ९ फिटमा निर्माण हुने भएको छ । 'सिमभन्ज्याङबाट अलि भित्र ऋषेश्वर महादेव मन्दिर रहेको छ । यो पुण्यभूमिमा एउटा बुद्धको मुर्ति स्थापना गरेभने मानिसहरूको जमात पनि बढ्ला । म आफू पनि बुद्धको अनुयायी बन्न खोजेको हुँ । थाहानगर पर्यटकीय क्षेत्र भएकोले



गर्दा धार्मिक काममा एउटा इट्टा थप्ने उद्देश्यले काम गरेको हुँ ।' समाजसेवी श्रेष्ठले भने ।

'यो बाटो हिँडेको ४८ वर्ष भयो । हिजोको सिमभन्ज्याङ र आजको सिमभन्ज्याङमा केही फरक पाइन् । मैले शुरू गर्दा अरूले नि केही प्रभावकारी काम गर्नुहुनेछ ।' उनले भने-'बुद्ध मूर्ति निर्माण भएपछि पर्यटकहरूको संख्यामा गुणात्मक वृद्धि हुन्छ भन्ने अपेक्षा लिएको छु । थाहा नगरपालिका, वन समिति र वडासँग अनुमित लिएर मूर्तिको स्थापना गर्न लागेको उनले बताए ।

बुद्धको मूर्ति स्थापना गर्नको लागि करिव १० लाख रूपैयाँ खर्च लाग्ने उनले जानकारी दिए । हर्ष झ्लोन मूर्तिकारले बुद्धको मूर्ति बनाउने छन् । 'काम गर्ने मानिस सिमभन्ज्याङमा पुगिसक्नु भएको छ । त्यहाँ निकै चिसो भएकोले गर्दा काममा अलि ढिलाई होला जस्तो छ । तर पनि बैशाख महिनासम्म काम सकिने योजनामा छौं ।' उनले भने ।

# ६ वटा एनसेल टावरको एकैदिन लाइन काट्यो



◆ विकास संवाददाता

बक्यौता विद्युत महशुल नतिरेका दुरसंचार सेवा प्रदायक एनसेलको ६ वटा टावरको विद्युत लाईन काटेको छ । नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले १२ पुसमा लाइन काटेको हो । लगातार ३ महिनासम्म महशुल नबुझाउने सिमभन्ज्याङ, कुलेखानी देउराली र सल्ले, फाखेल, मार्खु तथा कुन्छालमा रहेका टावरहरूको पालुङ प्राधिकरणले लाईन काटेको हो ।

एनसेलका टावरहरूमा जडित विद्युत लाईनको वक्यौता महशुल नबुझाएको कारण लाईन काटेको हो । पालुङ वितरण केन्द्र अन्तर्गत थाहा नगरपालिका र ईन्द्रसरोवर गाँउपालिकाका विभिन्न स्थानमा एनसेलका १३ वटा टावर जडित छन् । उक्त टावरहरूको १२ पुससम्मको ७ लाख ४३ हजार वक्यौता बुझाउन बाँकी रहेको कारण बढी वक्यौता भएका ६ वटा टावरको लाईन काटिएको पालुङ वितरण केन्द्रका प्रमुख माधब न्यौपानेले बताए ।

एनसेललाई पनि वक्यौता बुझाउन पटक-पटक भनिएको भए पनि बक्यौता महशुल नबुझाएकोले लाईन काटिएको हो । सबै टावरको महशुल नुबझाए क्रमशः सबै टावरको लाईन काटिने पनि प्रमुख न्यौपानेले बताए । बक्यौता महशुल उठाउन विगत ३ महिनामा मात्रै पालुङ प्राधिकरणले २ सय भन्दा बढी ग्राहकको लाईन काटेको छ भने लाईन काटिएका ग्राहकहरूमा ९० लाख भन्दा बढी बक्यौता रकम उठाईसकेको छ ।



# पालुङ बहुउद्देश्यीयको अध्यक्षमा विष्ट निर्वाचित

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा सञ्चालनमा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा कृष्ण बहादुर बिष्ट निर्वाचित भएका छन् । अध्यक्ष पदमा ४ जनाले उमेद्वारी दिएकोमा अरू ३ जनाले उमेद्वारी फिर्ता लिएपछि विष्ट सर्वसम्मत निर्वाचित भएका हुन् ।

निर्वाचन कार्यक्रम अनुसार पूर्व अध्यक्षहरू बिमल कुमार ढकाल, विष्णुहरि ढकाल र पुरूषोत्तम कार्कीले उमेद्वारी फिर्ता लिएको निर्वाचन अधिकृत सानोभाइ कार्कीले जानकारी दिए । वि.सं. २०५८ सालबाट पालुङ बहुउद्देश्यीय सहकारी संस्थामा प्रवेश गरेका विष्ट २२ वर्षपछि संस्थाको नेतृत्वमा पुगेका हुन् । विष्ट यसअघिको पुरूषोत्तम कार्की नेतृत्वको कार्यकाल (वि.सं. २०७५ देखि २०७९) का उपाध्यक्ष हुन् । अर्थशास्त्रका प्राध्यपक समेत रहेका विष्ट वित्तिय क्षेत्रका लागि अनुभवी व्यक्तित्व हुन् ।

अध्यक्षमा दावी गरेका विष्णुहरि ढकाल वि.सं. २०५६ देखि २०६६ सालसम्म दुई कार्यकाल अध्यक्ष भैसकेका थिए । उनी सामुदायिक सञ्चार सहकारी संस्था पालुङको समेतका अध्यक्ष हुन् । उक्त सहकारीले रेडियो पालुङ सञ्चालन गरिरहेको छ । उमेद्वारी फिर्ता लिएका विमल कुमार ढकाल पनि दुई कार्यकाल वि.सं. २०६६ देखि २०७५ सम्म संस्थाका अध्यक्ष भैसकेका थिए ।

# सिस्नुको सुपदेखि गिठ्ठा भ्याकुरको स्वाद, र रैथाने सीपको प्रदर्शनी

◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिकाको प्रमुख प्रशासनिक भवन रहेको वडा नंम्बर ५ चैनपुरस्थित मनहरी खोला किनारमा लाग्ने पाक्षिक हाटबजारमा आकर्षण बढेको छ । २०८० सालकोको पहिलो हाट बजारको रूपमा पुस १५ गते जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले पानसमा बत्ती बालेर हाट बजारको यद्घाटन गरे ।

राक्सिराङ गाउँपालिकाले स्थानीय कृषि उपजको प्रवर्द्धन, बिक्री, बितरण र गाउँसमाजका किसान, व्यापारी र सरोकारवालाहरूको भेटघाट र छलफल सहजै होस् भन्ने हेतुले पाक्षिक रूपमा हाट बजार सुरू गरेको पालिकाले जनाएको छ । हाटबजार हरेक महिनाको १ गते र १५ गते सञ्चालन हुनेछ । हाट बजारको व्यवस्थापनका लागि कोपिला गोलेको संयोजकत्वमा हाटबजार व्यवस्थापन समिति समेत गठन गरिएको छ । हाटबजारका लागि निर्मित स्टलहरू पूर्ण रूपमा भरिभराउ देखिन्थे ।

स्थानीय उत्पादनहरू गहत, मास, फापर, कोदा, आलु, पिँडालु, बेतबाँसका सामग्री, आरनमा बनाइएका फलामे औजार हरू, स्थानीय परिकार गिठ्ठा, भ्याकुर, पिँडालु, तरूल, सिस्नुको झोल रहेका होटलहरू, स्थानीय जातका खसी, बोका, लोकल कुखुरा, स्थानीय स्तरमा उत्पादित मौरीको मह लगायतका दर्जनौ स्टलहरू हाटबजारमा रहेका थिए ।

पश्चिम मकवानपुरको मनहरी बजार हरेक महिनाका १ गते र १५ गते बन्द हुने हुँदा मनहरी बजारबाट जम्मा ६ किलोमिटर दूरीमा रहेको राक्सिराङका ग्राहक, उपभोक्ता र व्यापारीहरूलाई समेत आकर्षण गर्ने लक्ष्य हाटबजारले लिएको छ । हाटबजार अघिल्लो बर्षभन्दा अझ सुदृढ र प्रभावकारी ढंगले चलाउन लागिएको प्रचार प्रसार उपसमितिका संयोजक एबम् सञ्चारकर्मी ज्ञानेन्द्र तामाङले जानकारी दिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षतामा भएको हाटबजारको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान प्रमुख अतिथि थिए ।


## जाडोको समयमा चिसोबाट बचौं !

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं, दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी